# सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "सार्वजनिक खरिद (दोस्रो संशोधन) ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ मा संशोधनः सार्वजनिक खरिद ऐन, २०६३ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ख) को उपखण्ड (१) मा रहेको "सरकारी निकाय वा कार्यालय" भन्ने शब्दहरुको सट्टा "सरकारी निकाय, कार्यालय वा आयोजना" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) "अन्य सेवा" भन्नाले सवारी साधन, उपकरण वा मालसामान भाडामा लिने, ढुवानी गर्ने, मालसामान मर्मत सम्भार गर्ने, विज्ञापन गर्ने कार्य वा यस्तै प्रकृतिका अन्य कार्य सम्झनु पर्छ ।"

(३) खण्ड (न) मा रहेका "सशस्त्र प्रहरी वल" भन्ने शब्दहरुको सट्टा "सशस्त्र प्रहरी बल, नेपाल" भन्ने शब्दहरु र "कारागारका थुनुवा" भन्ने शब्दहरुको सट्टा "कारागारमा रहेका थुनुवा वा कैदी" भन्ने शब्दहरु राखिएका छन् ।

(४) खण्ड (न) पछि देहायको खण्ड (न१) थपिएको छः-

"(न१) "स्वदेशी मालसामान" भन्नाले स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गरिएको वा अन्य देशबाट पैठारी गरिएको कच्चा पदार्थ प्रयोग गरी कम्तीमा तीस प्रतिशत मूल्य अभिबृद्धि भई स्वदेशी उद्योगबाट उत्पादन भएको मालसामान सम्झनु पर्छ ।

तर विदेशबाट पैठारी गरी नेपालमा ब्रान्डिङ्ग भएका मालसामानलाई स्वदेशी मालसामान मानिने छैन ।"

३. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को उपदफा (३) पछि देहायका उपदफा (३क), (३ख) र (३ग) थपिएका छन्:-

"(३क) उपदफा (१) बमोजिम तयार भई स्वीकृत भएको स्पेसिफिकेशन, योजना, नक्शा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरण संशोधन गरिने छैन ।

(३ख) उपदफा (३क) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा स्पेसिफिकेशन, योजना, नक्शा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरण संशोधन गर्न सकिनेछः-

(क) स्पेसिफिकेशन, योजना, नक्शा, डिजाइन, विशेष आवश्यकता वा विवरण तयार गर्दाका बखत पूर्वानुमान गर्न नसकिने भौगर्भिक रुपले वा अन्य कारणले जटिल प्रकृतिको निर्माण कार्य भएमा,

(ख) स्पेसिफिकेशन, योजना, नक्शा, डिजाइन, विशेष आवश्यकता वा विवरण तयार गरी सकेपछि प्राकृतिक वा दैवी प्रकोप वा अप्रत्यासित अन्य विशेष परिस्थिति सिर्जना भएमा,

(ग) खरिद कार्य सम्बन्धी प्रचलित नर्म्स परिवर्तन भएमा,

(घ) निर्माण कार्य सञ्चालन गर्ने पूर्व निर्धारित प्रविधि वा पद्धति परिवर्तन भएमा ।

(३ग) उपदफा (३ख) बमोजिम स्पेसिफिकेशन, योजना, नक्शा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरण संशोधन गर्दा प्रचलित कानून बमोजिमको एक तह माथिको अधिकारीको निर्णयबाट संशोधन गर्नु पर्नेछ ।"

४. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को उपदफा (१) पछि देहायका उपदफा (१क) र (१ख) थपिएका छन्ः-

"(१क) उपदफा (१) बमोजिम सार्वजनिक निकायले निर्माण कार्य वा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले स्वीकृत गरेको नर्म्स अनुसार गर्नु पर्नेछ ।

तर त्यस्तो स्वीकृत नर्म्स बमोजिम काम गर्दै जाँदा कुनै खास आईटमको लागि त्यस्तो नर्म्स अनुसार हुन नसक्ने भई त्यस्तो आईटमको छुट्टै नर्म्स आवश्यक परेमा सम्बन्धित सार्वजनिक निकायको प्रमुखले त्यस्तो निकायको प्राविधिकबाट र त्यस्तो प्राविधिक नभए अन्य सार्वजनिक निकायका सम्बन्धित प्राविधिकबाट त्यस्तो खास आईटमको नर्म्स तयार गर्न लगाउनु पर्नेछ । यसरी तयार भएको नर्म्स सम्बन्धित विभागीय प्रमुखले स्वीकृत गर्नु पर्नेछ र त्यस्तो नर्म्स सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउनु पर्नेछ ।

(१ख) उपदफा (१क) बमोजिम नर्म्स स्वीकृत भई लागू नभएसम्म यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको नर्म्स अनुसार लागत अनुमान तयार गर्न बाधा पुगेको मानिने छैन ।"

५. मूल ऐनमा दफा ५क.मा संशोधनः मूल ऐनको दफा ५क.को सट्टा देहायको दफा ५क.राखिएको छः-

"५क. स्वीकृत गर्नु पर्नेः (१) सार्वजनिक निकायले दफा ४ बमोजिमको विवरण र दफा ५ बमोजिमको लागत अनुमान तोकिए बमोजिम स्वीकृत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण वा लागत अनुमान स्वीकृत गर्ने वा संशोधन गर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ ।

(३) दफा ४ बमोजिम विवरण तयार गर्दा त्रुटिपूर्ण डिजाइन गरेको वा दफा ५ बमोजिम लागत अनुमान तयार गर्दा अस्वाभाविक रुपमा घटि वा बढि लागत अनुमान तयार गरेको कारणले खरिद कार्य प्रभावित भई निर्धारित समयमा सम्पन्न हुन नसकेमा वा खरिद कार्य सम्पन्न गर्न लाग्ने समय अस्वाभाविक रुपमा गलत अनुमान गरेको कारणले लागत वृद्धि हुन गएमा त्यस्तो डिजाइन, लागत अनुमान वा बोलपत्र सम्बन्धी कागजात तयार, जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदातालाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(४) उपदफा (१) बमोजिम स्वीकृत भएको लागत अनुमान दफा ४ को उपदफा (३ख) बमोजिमको अवस्था सिर्जना भई संशोधन गर्नु पर्ने भएमा बाहेक लागत अनुमान संशोधन गर्दा सुरु लागत अङ्कमा पच्चीस प्रतिशत भन्दा बढी फरक परेमा सम्बन्धित पदाधिकारी वा परामर्शदातालाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।"

६. <u>मूल ऐनको दफा ७ मा संशोधनः</u> मूल ऐनको दफा ७ को,-

(१) उपदफा (३) को खण्ड (ख) र (ग) मा रहेको "सामान्यतया" भन्ने शब्द झिकिएको छ ।

(२) उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छः-

"(७) सार्वजनिक निकायले बोलपत्रदाताले सरोकारका विषयमा माग गरेको जानकारी वा जवाफ, कुनै कार्यालय वा अदालतले माग गरेको जवाफ तथा मिसिल कागजात समयमा नै उपलब्ध गराउनु पर्नेछ ।"

७. <u>मूल ऐनको दफा ८ मा संशोधनः</u> मूल ऐनको दफा ८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा देहाय बमोजिम हुने गरी खरिद गर्नु हुँदैनः-

(क) मूल निर्माणको कार्यबाट अलग गरी अन्य सहायक निर्माण कार्य सम्पन्न गर्न प्राविधिक वा आर्थिक कारणले कठिनाई हुने भएमा वा एक आपसमा अन्तर सम्बन्धित भई एउटै प्याकेजमा सञ्चालन गर्नु पर्ने भएमा बाहेक प्रतिष्पर्धालाई संकुचित र सीमित गर्ने गरी ठूला ठूला प्याकेज बनाई, वा

(ख) प्रतिष्पर्धालाई संकुचित र सीमित गर्ने गरी वा खरिद विधि परिवर्तन हुने गरी टुक्रा टुक्रा पारी ।"

८. <u>मूल ऐनको दफा १० मा संशोधनः</u> मूल ऐनको दफा १० को,-

(१) उपदफा (२) पछि देहायका उपदफा (२क) र (२ख) थपिएका छन्ः-

“(२क) उपदफा (२) बमोजिम बोलपत्रदाताको योग्यताको आधार निर्धारण गर्दा प्राविधिक तथा आर्थिक क्षमता (बिड क्यापासिटी) समेत तोकिए बमोजिम गणना हुने गरी गर्नु पर्नेछ ।

(२ख) उपदफा (२क) बमोजिम बोलपत्रदाताको प्राविधिक तथा आर्थिक क्षमता गणना गर्दा बोलपत्र पेश गर्नु अघि दुई वा सो भन्दा बढी कम्पनी वा फर्म एकीकरण भएकोमा त्यसरी एकीकरण हुनु भन्दा अघि कायम रहेका कम्पनी वा फर्मको प्राविधिक तथा आर्थिक क्षमतालाई एकीकरण भई कायम भएको फर्म वा कम्पनीको प्राविधिक तथा आर्थिक क्षमतामा तोकिए बमोजिम गणना गरिनेछ ।”

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (२) बमोजिम आधार उल्लेख गर्दा निर्माण व्यवसायी सम्बन्धी प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त विभिन्न वर्गका निर्माण व्यवसायीमध्ये तोकिए बमोजिमको वर्गका निर्माण व्यवसायीले तोकिए बमोजिमको सीमा भित्र रही प्रतिस्पर्धा गर्न सक्ने व्यवस्था गर्नु पर्नेछ ।

तर कुनै खास वर्गका आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकले मात्र भाग लिन पाउने वा नपाउने व्यवस्था गर्न सकिने छैन ।"

९. मूल ऐनको दफा ११ मा संशोधनः मूल ऐनको दफा ११ को उपदफा (३) पछि देहायका उपदफा (४), (५) र (६) थपिएका छन्ः-

“(४) उपदफा (२) बमोजिम खुल्ला रुपमा आव्हान गरिने मालसामान, परामर्श सेवा, निर्माण कार्य वा अन्य सेवा खरिद सम्बन्धी बोलपत्रमा योग्यता आवश्यक नहुनेमा एक खाम प्रणाली र योग्यता आवश्यक हुनेमा दुई खाम प्रणाली बमोजिम गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम एक खाम प्रणाली वा दुई खाम प्रणाली बमोजिम बोलपत्र आव्हान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत बोलपत्र आव्हान भई सूचना प्रकाशन भइसकेको खरिद कार्यको हकमा तत्काल कायम रहेको प्रक्रिया अवलम्बन गरी खरिद कार्य सम्पन्न गर्न सकिनेछ ।”

१०. मूल ऐनको दफा १२ मा संशोधनः मूल ऐनको दफा १२ को उपदफा (२) मा रहेका “खरिदको लागि समेत” भन्ने शब्दहरु पछि “प्रतिष्पर्धा सीमित नहुने गरी" भन्ने शब्दहरु थपिएका छन् ।

११. मूल ऐनको दफा १३ मा संशोधनः मूल ऐनको दफा १३ को उपदफा (२) को,-

(१) खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छः-

“(छ१) तोकिए बमोजिमको निर्माण सम्पन्न भए पछि तोकिएको आधारमा एक वर्षदेखि पाँच बर्षसम्म मर्मत सम्भारको दायित्व बोलपत्रदाताले लिनुपर्ने व्यहोरा,”

(२) खण्ड (ढ४) को ठाउँ ठाउँमा रहेका “प्राविधिक क्षमता” भन्ने शब्दहरुको सट्टा “आर्थिक तथा प्राविधिक क्षमता” भन्ने शब्दहरु राखिएका छन् ।

(३) खण्ड (द) को सट्टा देहायको खण्ड (द) राखिएको छः-

“(द) एक खाम प्रणाली भए प्राविधिक क्षमतालाई प्रमाणित गर्ने कागजात (प्राविधिक प्रस्ताव) र आर्थिक प्रस्ताव (बोल अङ्क) एउटै खाममा पेश गर्नु पर्ने व्यहोरा तथा दुई खाम प्रणाली भए प्राविधिक क्षमतालाई प्रमाणित गर्ने कागजात (प्राविधिक प्रस्ताव) र आर्थिक प्रस्ताव (बोल अङ्क) छुट्टाछुट्टै खाममा राखी सिलबन्दी गरी ती छुट्टा छुट्टै खामलाई पुनः अर्को एउटै खामभित्र राखी सिलबन्दी गरी पेश गर्नु पर्ने व्यहोरा, र”

१२. मूल ऐनको दफा १४ मा संशोधनः मूल ऐनको दफा १४ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

“(२) उपदफा (१) बमोजिमको सूचना सार्वजनिक निकायले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईटमा राख्नु पर्नेछ र त्यस्तो सार्वजनिक निकायको वेबसाईट भए सोमा समेत राख्नु पर्नेछ ।”

(२) उपदफा (३) को खण्ड (ख) मा रहेका "कार्यको प्रकृति र" भन्ने शब्दहरु पछि "उपयुक्त" भन्ने शब्दहरु थपिएका छन् ।

(३) उपदफा (३) को खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छः-

“(च१) तोकिए बमोजिमको निर्माण सम्पन्न भए पछि तोकिएको आधारमा एक वर्षदेखि पाँच बर्षसम्म मर्मत सम्भारको दायित्व बोलपत्रदाताले लिनुपर्ने व्यहोरा,”

(४) उपदफा (४) मा रहेका “तीस दिन” भन्ने शब्दहरुको सट्टा “एक्काइस दिन” र “पैंतालीस दिन” भन्ने शब्दहरुको सट्टा “पैंतीस दिन” भन्ने शब्दहरु राखिएका छन् ।

(५) उपदफा (४) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

“तर यो ऐन प्रारम्भ हुँदाका बखत सूचना प्रकाशन भइसकेको खरिद कार्यको हकमा तत्काल कायम रहेको प्रक्रिया अवलम्बन गरी खरिद कार्य सम्पन्न गर्न बाधा पुगेको मानिने छैन ।”

(६) उपदफा (८) पछि देहायको उपदफा (८क) थपिएको छः-

“(८क) सार्वजनिक निकायले गर्ने खरिदमा स्वदेशी मालसामानलाई तोकिए बमोजिम प्राथमिकता दिनु पर्नेछ । यसरी प्राथमिकता दिने कुरा बोलपत्र आह्वानको सूचना र बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गर्नु पर्नेछ ।”

१३. <u>मूल ऐनको दफा २१ मा संशोधनः</u> मूल ऐनको दफा २१ को उपदफा (२) को खण्ड (ङ) मा रहेका "कुनै जानकारी" भन्ने शब्दहरु पछि "नदिएमा वा त्यस्तो जानकारी" भन्ने शब्दहरु थपिएका छन् ।

१४. <u>मूल ऐनको दफा २३ मा संशोधनः</u> मूल ऐनको दफा २३ को उपदफा (४) मा रहेको "सिलसिलामा" भन्ने शब्द पछि "दर विश्लेषण लगायत बोलपत्र साथ पेश भएका कागजातमा उल्लिखित विषयलाई पुष्ट्याँई गर्न बोलपत्रमा सारभूत फरक नपर्ने गरी" भन्ने शब्दहरु थपिएका छन् ।

१५. <u>मूल ऐनको दफा २५ मा संशोधनः</u> मूल ऐनको दफा २५ को,-

(१) उपदफा (१) मा रहेका "समावेश गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "समावेश गरी दफा १० मा उल्लिखित विषय समेतका आधारमा मूल्याङ्कन गर्नु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (५) पछि देहायका उपदफा (५क) र (५ख) थपिएका छन्:-

"(५क) उपदफा (५) बमोजिम न्यूनतम बोल अङ्क कबुल गर्ने बोलपत्र निर्धारण गर्दा एक भन्दा बढी बोलपत्रको मूल्याङ्कित रकम बराबर भएमा गोला प्रथाको माध्यमबाट निर्धारण गर्नु पर्नेछ ।

(५ख) निर्माण कार्यको बोलपत्र मूल्याङ्कन गर्दा कुनै सार्वजनिक निकायमा प्रयोगमा रहेको बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमता गणना गर्ने विधि तोकिए बमोजिम हुनेछ र त्यस्तो निकायलाई आवश्यक पर्ने हदसम्म निज बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमता थप कार्यको लागि गणना गरिने छैन ।"

(३) उपदफा (७) पछि देहायका उपदफा (७क), (७ख), (७ग) र (७घ) थपिएका छन्:-

"(७क) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निर्माण कार्यको हकमा कुनै बोलपत्रदाताले कुनै आइटममा लागत अनुमानमा उल्लिखित दरको पचास प्रतिशत भन्दा कम दर उल्लेख गरेको खण्डमा बोलपत्र मूल्याङ्कन गर्दा तुलना गर्ने प्रयोजनको लागि मात्र सो आइटममा लागत अनुमानको दर राखी बोल अङ्क कायम गरिनेछ ।

तर त्यस्तो बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो आइटममा निजले उल्लेख गरेकै दर गणना गरी कुल बोल अङ्क कायम गरी सम्झौता गरिनेछ ।

(७ख) कुनै बोलपत्रदाताले लागत अनुमानको तीस प्रतिशत भन्दा कम कबुल गरी बोलपत्र पेश गरेकोमा त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण माग गर्नु पर्नेछ ।

(७ग) उपदफा (७ख) बमोजिम बोलपत्रदाताले पेश गरेको दर विश्लेषणलाई निजले उल्लेख गरेको कार्यसम्पादन गर्ने तरिका, ब्यवस्थापन विधि समेतको आधारमा प्रचलित नर्म्स र दररेट अनुसार दर विश्लेषण गरी तुलना गर्नु पर्नेछ र यसरी तुलना गर्दा त्यस्तो दर विश्लेषण अस्वाभाविक हुने देखिएमा त्यस्तो बोलपत्रलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

(७घ) उपदफा (७क), (७ख) र (७ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत मूल्याङ्कनको क्रममा रहेका बोलपत्रको हकमा तत्काल कायम रहेको प्रक्रिया अवलम्बन गरी खरिद कार्य सम्पन्न गर्न बाधा पुगेको मानिने छैन ।"

(४) उपदफा (८) मा रहेका "तरिका समेत खुल्ने गरी" भन्ने शब्दहरु पछि "बोलपत्र खोलेको तीस दिनभित्र" भन्ने शब्दहरु थपिएका छन् ।

(५) उपदफा (८) पछि देहायका उपदफा (९), (१०) र (११) थपिएका छन्ः-

"(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रयोगशालाबाट प्राविधिक परीक्षण गरी मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्ने भएमा मूल्याङ्कन कार्य प्रारम्भ हुनासाथ प्राविधिक परीक्षणका लागि नमूना पठाई परीक्षण प्रतिवेदन प्राप्त भएको मितिले सात दिन भित्र मूल्याङ्कन प्रतिवेदन तयार गरी सार्वजनिक निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम परीक्षण गर्ने निकायले त्यस्तो नमूना प्राप्त गरेको पन्ध्र दिन भित्र परीक्षण प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ र सो अवधि भित्र त्यस्तो प्रतिवेदन उपलब्ध गराउन नसक्ने भएमा सोको कारण सहितको जानकारी सम्बन्धित सार्वजनिक निकायलाई गराउनु पर्नेछ ।

(११) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत मूल्याङ्कन प्रयोजनका लागि खोली सकेका बोलपत्रको हकमा यो ऐन प्रारम्भ भएको मितिले तीस दिन भित्र मूल्याङ्कन गरी सक्नु पर्नेछ ।"

१६. <u>मूल ऐनको दफा २६ मा संशोधनः</u> मूल ऐनको दफा २६ को उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छः-

"(७) कुनै पदाधिकारीले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नु पर्ने कार्य नगरेको वा नगर्नु पर्ने कार्य गरेको कारणले वा यस दफामा उल्लेख भएको कारण बाहेक अन्य कुनै कारणले खरिद कारबाही रद्द भएमा सम्बन्धित पदाधिकारीलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।"

१७. <u>मूल ऐनको दफा २७ मा संशोधनः</u> मूल ऐनको दफा २७ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) बमोजिम सम्बन्धित सार्वजनिक निकायले बोलपत्र स्वीकृति सम्बन्धी निर्णय गर्दा दफा २५ को उपदफा (८) बमोजिम पेश भएको प्रतिवेदन आफू समक्ष प्राप्त भएको सात दिनभित्र निर्णय गर्नु पर्नेछ ।"

१८. <u>मूल ऐनको दफा ३० मा संशोधनः</u> मूल ऐनको दफा ३० को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिमको सूचना सार्वजनिक निकायले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईटमा राख्नु पर्नेछ र त्यस्तो सार्वजनिक निकायको वेबसाईट भए सोमा समेत राख्नु पर्नेछ ।"

(२) उपदफा (५) मा रहेका "सार्वजनिक निकायले" भन्ने शब्दहरु पछि "उपदफा (१) बमोजिम आशयपत्र पेश गर्न दिइएको अवधि समाप्त भएको तीस दिन भित्र" भन्ने शब्दहरु थपिएका छन् ।

१९. <u>मूल ऐनको दफा ३१ मा संशोधनः</u> मूल ऐनको दफा ३१ को उपदफा (१) मा रहेका "आशयपत्रदाताहरुलाई" भन्ने शब्द पछि "सात दिनभित्र" भन्ने शब्दहरु थपी सोही उपदफामा रहेका "तीस दिनको" भन्ने शब्दहरुको सट्टा "एक्काइस दिनको" भन्ने शब्दहरु राखिएका छन् ।

२०. <u>मूल ऐनको दफा ३२ मा संशोधनः</u> मूल ऐनको दफा ३२ को उपदफा (१) को शुरुमा "दफा ३१ को उपदफा (१) बमोजिम" भन्ने शब्दहरु थपिएका छन् ।

२१. <u>मूल ऐनको दफा ४० मा संशोधनः</u> मूल ऐनको दफा ४० को उपदफा (३) मा रहेका "पन्ध्र दिनको" भन्ने शब्दहरुको सट्टा "सात दिनको" भन्ने शब्दहरु राखिएका छन् ।

२२. <u>मूल ऐनमा दफा ४३क. थपः</u> मूल ऐनको दफा ४३ पछि देहायको दफा ४३क. थपिएको छः-

"४३क. <u>जग्गा खरिद सम्बन्धी व्यवस्थाः</u> (१) सार्वजनिक निकायले सार्वजनिक कामको लागि जग्गा प्राप्त गर्दा जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानून बमोजिम प्राप्त गर्नु पर्नेछ ।

(२) सार्वजनिक निकायले व्यापारिक वा व्यावसायिक प्रयोजनको लागि जग्गा खरिद गर्नु पर्ने भएमा तोकिएको कार्यविधि अपनाई प्रतिस्पर्धात्मक रुपमा खरिद गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायले कुनै खास ठाउँको खास जग्गा नै अत्यावश्यक भई खरिद गर्नु पर्ने भएमा देहाय बमोजिमको समितिले निर्धारण गरेको मूल्यमा नबढ्ने गरी सम्बन्धित जग्गाधनीबाट सोझै खरिद गर्न सक्नेछः-

(क) प्रमुख जिल्ला अधिकारी -अध्यक्ष

(ख) जिल्ला समन्वय अधिकारी -सदस्य

(ग) सम्बन्धित मालपोत कार्यालयको प्रमुख -सदस्य

(घ) सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा अध्यक्ष -सदस्य

(ङ) सम्बन्धित कार्यालयको प्रमुख -सदस्य-सचिव

(४) उपदफा (३) बमोजिमको समितिले जग्गाको मूल्य निर्धारण गर्दा अस्वाभाविक मूल्य निर्धारण गरेमा त्यस्तो समितिका पदाधिकारीलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

(५) उपदफा (३) बमोजिमको समितिले जग्गा खरिद गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

२३. मूल ऐनको दफा ४४ मा संशोधनः मूल ऐनको दफा ४४ मा रहेका "सो सम्बन्धी सेवा प्राप्त गर्दा" भन्ने शब्दहरु पछि "श्रममूलक, स्थानीय सामग्री तथा प्रविधि प्रयोग हुने, उच्चस्तरको प्राविधिक जनशक्ति, प्रविधि वा उपकरण आवश्यक नपर्ने र निर्माण सम्पन्न भए पछि सोको मर्मत सम्भारको जिम्मा समेत लिन सक्ने भएमा र" भन्ने शब्दहरु थपिएका छन् ।

२४. मूल ऐनको दफा ४७ मा संशोधनः मूल ऐनको दफा ४७ को उपदफा (६) पछि देहायको उपदफा (६क) थपिएको छः-

"(६क) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा उपदफा (६) बमोजिम सार्वजनिक निकायको प्रमुखले निर्णय गरेपछि पुनरावलोकन समितिमा निवेदन परी दफा ५० को उपदफा (२) बमोजिम सार्वजनिक निकायमा सूचना प्राप्त हुन सक्ने अवधिभर खरिद सम्झौता गरिने छैन ।"

२५. मूल ऐनको दफा ४८ मा संशोधनः मूल ऐनको दफा ४८ को,-

(१) उपदफा (४) मा रहेको "पदावधि" भन्ने शब्द पछि "नेपाल सरकारले" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपदफा (७) पछि देहायका उपदफा (८) र (९) थपिएका छन्ः-

"(८) पुनरावलोकन समितिले आफ्नो कार्य सञ्चालन कार्यविधि आफै बनाई लागू गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम बनाएको कार्यविधि सो समितिले सार्वजनिक गर्नु पर्नेछ ।"

२६. मूल ऐनको दफा ५० मा संशोधनः मूल ऐनको दफा ५० को उपदफा (१) मा रहेका "दफा ४८ बमोजिमको पुनरावलोकनको लागि पुनरावलोकन समिति समक्ष निवेदन दिने बोलपत्रदाता वा परामर्शदाताले दफा ४९ को" भन्ने शब्दहरुको सट्टा "दफा ४९ बमोजिम निवेदन दिने बोलपत्रदाता वा परामर्शदाताले सो दफाको" भन्ने शब्दहरु राखिएका छन् ।

२७. मूल ऐनको दफा ५२क. मा संशोधनः मूल ऐनको दफा ५२क. को सट्टा देहायको दफा ५२क. राखिएको छः-

"५२क. <u>पेश्की सम्बन्धी व्यवस्था:</u> (१) सार्वजनिक निकायले निर्माण कार्यको खरिद सम्झौता पश्चात आवश्यकता र औचित्य हेरी निर्माण व्यवसायीबाट अग्रिम बैङ्क जमानत लिई खरिद सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश्की दिँदा निर्माण व्यवसायीबाट कार्यतालिका लिई सम्झौता र कार्यतालिका बमोजिम कार्य प्रारम्भ गरेको तथा स्थलगत रुपमा परिचालन भएको तथ्य निर्माण व्यवसायीले निर्माणस्थलमा निर्माण सामग्री, उपकरण ल्याएको र कामदार परिचालन गरेको प्रतिवेदनबाट यकिन गरी सोको आधारमा पहिलो पटक पाँच प्रतिशतमा नबढ्ने गरी र बाँकी रकम कार्य प्रगतिका आधारमा दिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम लिएको पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको बैङ्क खाता मार्फत मात्र भुक्तानी हुनेछ ।

(४) उपदफा (२) बमोजिम निर्माण व्यवसायीले लिएको पेश्की रकम सम्झौता बमोजिम गर्नु पर्ने कुन कार्यको लागि खर्च भएको हो सोको विवरण अद्यावधिक गरी सम्बन्धित सार्वजनिक निकायलाई तोकिए बमोजिम उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम निर्माण व्यवसायीले पेश्की रकम लिए पछि सो उपदफा बमोजिम पेश गरेको कार्यतालिका र सार्वजनिक निकायसँग गरेको सम्झौता बमोजिम काम नगरेमा वा लिएको पेश्की सम्बन्धित काममा प्रयोग भएको नपाइएमा उपदफा (१) बमोजिम लिएको अग्रिम बैङ्क जमानत जफत गरी सम्झौता रद्द गर्नु पर्नेछ । यसरी सम्झौता रद्द भएमा त्यस्तो निर्माण व्यवसायीलाई प्रचलित कानून बमोजिम कारबाही समेत हुनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विशेष परिस्थिति परी कार्यतालिका बमोजिमको काम सम्पन्न हुन नसकेको अवस्थामा बाँकी कार्य सम्पन्न गर्ने कबुलियत गराई कार्यालय प्रमुखले कार्यतालिकामा उल्लिखित म्याद बढीमा पन्ध्र दिन बढाउन सक्नेछ ।

(७) उपदफा (१) बमोजिम प्रदान गरेको पेश्की रकम सुरुको बिल बीजकको भुक्तानी दिँदा देखि नै प्रत्येक रनिङ्ग बिल वा अन्य बिल बीजकबाट कट्टा गर्दै सुरु सम्झौता अवधि भित्र फछ्र्योट गरी सक्नु पर्नेछ ।

(८) यस दफा विपरीत पेश्की दिएमा वा उपदफा (७) बमोजिम पेश्की फछ्र्योट नगरेमा सम्बन्धित अधिकारीलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

(९) यस दफा बमोजिम पेश्की दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत खरिद सम्झौता भई सकेको हकमा तत्काल कायम रहेको ब्यवस्था बमोजिम पेश्की दिन बाधा पुगेको मानिने छैन ।"

२८. मूल ऐनको दफा ५३ मा संशोधनः मूल ऐनको दफा ५३ मा रहेका "क्षेत्र परिवर्तन नहुने" भन्ने शब्दहरु पछि "र सार्वजनिक निकायलाई थप आर्थिक व्ययभार नपर्ने" भन्ने शब्दहरु थपिएका छन् ।

२९. मूल ऐनको दफा ५६ मा संशोधनः मूल ऐनको दफा ५६ को,-

(१) उपदफा (२) मा रहेका "तोकिएको आधारमा" भन्ने शब्दहरु पछि "शुरु सम्झौताको पचास प्रतिशत भन्दा बढी नहुने गरी" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपदफा (२) पछि देहायका उपदफा (३), (४) र (५) थपिएका छन्ः-

"(३) उपदफा (२) बमोजिम थपिएको अवधिमा समेत सम्झौता बमोजिमको काम विशेष परिस्थिति वा अन्य मनासिब कारणले सम्पन्न हुन नसकेमा सार्वजनिक निकायलाई थप आर्थिक भार नपर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्ले आवश्यक अवधि बढाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अवधि बढाईएकोमा सम्झौता बमोजिमको काम सम्पन्न नगरेसम्म त्यस्तो सम्झौता प्राप्त गर्ने व्यक्ति नयाँ खरिद कार्यमा सहभागी हुन सक्ने छैन ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत म्याद थपका लागि निवेदन परिसकेकाको हकमा तत्काल कायम रहेको ब्यवस्था बमोजिम म्याद थप गर्न बाधा पुगेको मानिने छैन ।"

३०. मूल ऐनको दफा ५९ मा संशोधनः मूल ऐनको दफा ५९ को उपदफा (९) को सट्टा देहायको उपदफा (९) राखिएको छः-

"(९) उपदफा (७) बमोजिम सम्झौता अन्त्य भएमा सुरु सम्झौता गरेको एक वर्ष भित्र भए त्यस्तो सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्नका लागि दफा २५ बमोजिम छनौट भएका बोलपत्रदाताहरु मध्ये उपदफा (७) बमोजिमको बोलपत्रदाता बाहेकका बाँकी बोलपत्रदाताहरुबाट पन्ध्र दिनको म्याद दिई आर्थिक प्रस्ताव माग गरी तोकिए बमोजिम सम्झौता गर्न सकिनेछ ।

तर त्यसरी अन्य बोलपत्रदातासँग सम्झौता हुन नसकेमा खुल्ला बोलपत्र मार्फत खरिद सम्झौता सम्बन्धी कारबाही गर्नु पर्नेछ ।"

३१. मूल ऐनको दफा ६१क.मा संशोधनः मूल ऐनको दफा ६१क. को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) सार्वजनिक खरिद कार्यसँग सम्बन्धित पदाधिकारीले देहायका कार्य गरेमा त्यस्तो पदाधिकारीलाई अख्तियार प्राप्त अधिकारीले प्रचलित कानून बमोजिम कारबाही गर्नेछः-

(क) निर्धारित समयभित्रै खरिद कार्य सम्पन्न हुने गरी खरिद सम्बन्धी कारबाही प्रारम्भ नगरेको वा तत्सम्बन्धमा आवश्यक निर्णय नगरेको,

(ख) निर्माणस्थलको ब्यवस्था नभई, निर्माणस्थलबाट हटाउनु पर्ने रुख, बिरुवा, संरचना लगायत अन्य हटाउनु पर्ने कुरा हटाउने सुनिश्चितता नभई, मुआब्जा वा क्षतिपूर्ति वितरण गर्नु पर्नेमा सोको लागि बजेट विनियोजन नभई तथा प्रचलित कानून बमोजिम गर्नु पर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आह्वान गरेको,

(ग) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिए बमोजिम सार्वजनिक खरिद प्रक्रियामा भाग लिन रोक लगाउनु पर्नेमा सो बमोजिम लेखी नपठाएको वा असुल वा जफत गर्नु पर्नेमा नगरेको,

(घ) कालो सूचीमा राख्न लेखी पठाउनु पर्नेमा सो लेखी नपठाएको,

(ङ) आचरण पालना नगरेको,

(च) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित जिम्मेवारी पूरा नगरेको,

(छ) तोकिएको जिम्मेवारी पूरा नगरेको ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) तालुक कार्यालय वा अख्तियार प्राप्त निकायले अनुगमन गर्दा कुनै पदाधिकारीले उपदफा (१) बमोजिमको काम गरेको पाएमा त्यस्तो पदाधिकारी उपर प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न अख्तियार प्राप्त अधिकारी समक्ष लेखी पठाउनु पर्नेछ ।"

(३) उपदफा (२) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१क)" भन्ने शब्दहरु राखिएका छन् ।

३२. <u>मूल ऐनमा दफा ६१ख. थपः</u> मूल ऐनको दफा ६१क. पछि देहायको दफा ६१ख. थपिएको छः-

"६१ख. <u>कर्मचारीलाई प्रोत्साहन सुविधा दिन सक्नेः</u> नेपाल सरकारले खरिद सम्बन्धी कार्य सुरु निर्धारित समयावधि भित्रै गुणस्तरीय रुपमा सम्पादन गरी उत्कृष्ट नतिजा प्राप्त भएको आधारमा त्यस्तो खरिद कार्यमा संलग्न कर्मचारीलाई तोकिए बमोजिम प्रोत्साहन सुविधा दिन सक्नेछ ।"

३३. <u>मूल ऐनमा दफा ६२क. थपः</u> मूल ऐनको दफा ६२ पछि देहायको दफा ६२क. थपिएको छः-

“६२क. <u>निर्माण व्यवसायीलाई पुरस्कार र प्रशंसापत्र दिन सक्नेः</u> नेपाल सरकारले निर्धारित सुरु समयावधि भित्रै गुणस्तरीय रुपमा निर्माण सम्बन्धी कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई पुरस्कार स्वरुप तोकिए बमोजिमको रकम र प्रशंसापत्र दिन सक्नेछ ।”

३४. <u>मूल ऐनको दफा ६३ मा संशोधनः</u> मूल ऐनको दफा ६३ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

“(१) सार्वजनिक खरिद अनुगमन कार्यालयले बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सिलबन्दी दरभाउपत्रदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनी तथा त्यस्ता फर्म, संस्था वा कम्पनीका सञ्चालकलाई देहायको अवस्थामा निजको कार्यको गाम्भीर्यताको आधारमा देहायको अवधिको लागि कालोसूचीमा राख्न सक्नेछः-

(क) एक वर्षदेखि तीन वर्षसम्म कालो सूचीमा राख्न सकिने अवस्थाः-

(१) दफा १९ को उपदफा (१) मा उल्लिखित अवधि समाप्त भएपछि बोलपत्र संशोधन वा फिर्ता माग गरेमा,

(२) दफा २३ को उपदफा (४) बमोजिम माग गरेको विषयमा जानकारी वा जवाफ नदिएमा वा त्यस्तो जानकारी वा जवाफ दिँदा मूल्य वा सारभूत कुरा परिवर्तन गरेमा,

(३) दफा २७ वा ३८ बमोजिम स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाता वा प्रस्तावदाता खरिद सम्झौता गर्न नआएमा,

(४) दफा ५२क. को उपदफा (५) बमोजिम सम्झौता रद्द भएमा,

(५) दफा ६२ बमोजिमको आचरण विपरीत काम गरेको प्रमाणित भएमा,

(६) सार्वजनिक खरिद अनुगमन कार्यालयले अनुगमन गर्दा वा अन्य कुनै निकायबाट प्राप्त सूचनाका आधारमा जाँचबुझ गर्दा कालो सूचीमा राख्नु पर्ने देखिएमा,

(७) खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटि गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य सो सम्झौता बमोजिमको गुणस्तरको नभएको कुरा पछि प्रमाणित भएमा,

(८) तोकिए बमोजिमको अन्य कुनै अवस्थामा ।

(ख) तीन वर्षदेखि पाँच वर्षसम्म कालो सूचीमा राख्न सकिने अवस्थाः-

(१) त्रूटिपूर्ण ड्रइङ, डिजाइन, स्ट्रक्चरल एनालाईसिस तयार गरेको वा गलत परामर्श दिएको व्यहोरा प्रमाणित भएमा,

(२) खरिद सम्झौतामा भाग लिन अयोग्य ठहरिने कुनै फौजदारी कसूरमा अदालतबाट दोषी ठहरिएमा,

(३) योग्यता ढाँटी वा झुक्यानमा पारी खरिद सम्झौता गरेको कुरा प्रमाणित भएमा ।"

(२) उपदफा (२) र (६) मा रहेको "परामर्शदाता" भन्ने शब्द पछि "शिलबन्दी दरभाउपत्रदाता," भन्ने शब्दहरु थपिएका छन् ।

३५. मूल ऐनमा दफा ६३क. थप: मूल ऐनको दफा ६३ पछि देहायको दफा ६३क. थपिएको छ:-

"६३क. खरिद कारबाहीमा भाग लिन रोक लगाउने र फुकुवा गर्ने: (१) निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताको लापरबाही र निजकै कारणले खरिद सम्झौताको कार्यान्वयनमा ढिलाई भएमा वा ढिलाई हुने अवस्था देखिएमा सार्वजनिक निकायले त्यस्तो निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदातालाई नयाँ सार्वजनिक खरिद प्रक्रियामा भाग लिन रोक लगाउन सार्वजनिक खरिद अनुगमन कार्यालयलाई तोकिए बमोजिम लेखी पठाउन सक्नेछ । यस्तो कुरा सार्वजनिक निकायले बोलपत्र वा प्रस्ताव सम्बन्धी सूचना, बोलपत्र वा प्रस्ताव सम्बन्धी कागजात वा सम्झौताका शर्तमा उल्लेख गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कागजात र विवरण प्राप्त भएपछि सार्वजनिक खरिद अनुगमन कार्यालयले त्यस्तो निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदातालाई नयाँ खरिद प्रक्रियामा रोक लगाउन मनासिब देखेमा त्यसरी रोक लगाउने निर्णय गर्नु पर्नेछ र सोको सूचना वेबसाईटमा समेत प्रकाशन गरी सार्वजनिक गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदातालाई नयाँ सार्वजनिक खरिद प्रक्रियामा भाग लिन रोक लगाउने निर्णय सार्वजनिक भएपछि त्यस्तो सूचनाको आधारमा सार्वजनिक निकायले त्यस्तो निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदातालाई कुनै पनि नयाँ खरिद प्रक्रियामा भाग लिन रोक लगाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम नयाँ सार्वजनिक खरिद प्रक्रियामा भाग लिन रोक लगाएको अवस्थामा त्यस्तो निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले सम्झौता अनुसार कार्य सम्पन्न गरी त्यस्तो रोक्का फुकुवाको लागि सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिन सक्नेछ र सो निवेदन उपर छानविन गर्दा सम्झौता अनुसार कार्य सम्पन्न गरेको देखिएमा सम्बन्धित सार्वजनिक निकायले त्यस्तो रोक्का फुकुवाको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम लेखी आएको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले त्यस्तो रोक्का फुकुवा गर्न सक्नेछ ।

(६) खरिद कारबाहीमा भाग लिन रोक लगाउने र फुकुवा गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

३६. <u>मूल ऐनको दफा ६५ मा संशोधनः</u> मूल ऐनको दफा ६५ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (ञ) मा रहेका "दफा ६३ बमोजिमको" भन्ने शब्दहरु पछि "कालो सूचीमा राख्ने वा" भन्ने शब्दहरु थपिएका छन् ।

(ख) खण्ड (ठ१) को सट्टा देहायको खण्ड (ठ१) राखिएको छः-

"(ठ१) खरिद विज्ञ र खरिद सम्बन्धी तालिम दिने संस्थाको तोकिए बमोजिम प्रमाणिकरण गर्ने,"

(२) उपदफा (२क) को सट्टा देहायको उपदफा (२क) राखिएको छः-

"(२क) सार्वजनिक निकायबाट भएको खरिद कारबाही यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि, निर्देशिका र नमूना बोलपत्र सम्बन्धी कागजात विपरीत भएको पाइएमा सार्वजनिक खरिद अनुगमन कार्यालयले त्यस्तो खरिद कारबाहीमा देखिएका त्रुटि सच्याउन, ध्यानाकर्षण गराउन र अनुगमन प्रतिवेदनका आधारमा आवश्यक कारबाहीका लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ । यसरी लेखी आएमा भएको त्रुटि सच्याई सम्बन्धित सार्वजनिक निकायको प्रमुख वा अख्तियारवालाले सम्बन्धित पदाधिकारीलाई प्रचलित कानून बमोजिम कारबाही गरी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई जानकारी दिनु पर्नेछ ।"

३७. <u>मूल ऐनको दफा ६७ मा संशोधनः</u> मूल ऐनको दफा ६७ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) तत्काल आपूर्ति गर्नु पर्ने अत्यावश्यक खोप वा जीवन रक्षक औषधी सोझै खरिद गर्न उपयुक्त हुने भनी नेपाल सरकारले निर्णय गरेमा,"

(ख) खण्ड (घ) मा रहेका "ट्रेड फेयर वा प्रदर्शनी" भन्ने शब्दहरुको सट्टा "ट्रेड फेयर, प्रदर्शनी वा विज्ञापन" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) खण्ड (ङ) मा रहेको "निकायले" भन्ने शब्द पछि "जग्गा, भवन, अर्पाटमेन्ट," भन्ने शब्दहरु थपिएका छन् ।

(घ) खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छः-

"(छ) नेपाल सरकारले कुनै अन्तर्राष्ट्रिय अन्तरसरकारी संस्था वा कुनै विदेशी मुलुकको सरकार वा त्यस्तो मुलुकको सार्वजनिक निकायसँग त्यस्तो संस्था, सरकार वा निकायबाट निर्धारित मूल्यमा नबढ्ने गरी सोझै खरिद गर्नु परेमा ।"

(२) उपदफा (२) मा रहेका "खण्ड (क)" भन्ने शब्दहरुको सट्टा "खण्ड (क) र (क१)" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (३) मा रहेका "खण्ड (ग), (घ), (ङ) र (च)" भन्ने शब्दहरुको सट्टा "खण्ड (ग), (घ), (ङ), (च) र (छ)" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "सहमति लिई" भन्ने शब्दहरु पछि "नेपाल सरकारबाट" भन्ने शब्दहरु थपिएका छन् ।

३८. मूल ऐनमा दफा ७१क. थपः मूल ऐनको दफा ७१ पछि देहायको दफा ७१क. थपिएको छः-

"७१क. दररेट निर्धारण समितिः (१) प्रत्येक जिल्लामा जिल्ला भरी वा जिल्लाको कुनै भागमा छुट्टै लागू गर्ने गरी निर्माण सामग्री र ढुवानीको दररेट, मेशिन वा उपकरणको भाडा र कामदारको ज्याला निर्धारण गर्न देहायका सदस्यहरु रहेको दररेट निर्धारण समिति रहनेछः-

(क) प्रमुख जिल्ला अधिकारी - अध्यक्ष

(ख) जिल्ला समन्वय अधिकारी - सदस्य

(ग) प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय - सदस्य

(घ) प्रतिनिधि, उद्योग वाणिज्य संघ - सदस्य

(ङ) प्रमुख जिल्ला अधिकारीले तोकेको प्राविधिक अधिकृत कर्मचारी - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको दररेट निर्धारण समितिको काम कारबाही सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

३९. मूल ऐनमा दफा ७२क. र ७२ख. थपः मूल ऐनको दफा ७२ पछि देहायका दफा ७२क. र ७२ख. थपिएका छन्:-

"७२क. सूचिकृत ब्यक्तिलाई प्राथमिकता दिनेः सम्बन्धित निर्माण व्यवसायीले यस ऐन बमोजिम निर्माण कार्यको लागि प्रचलित कानून बमोजिम रोजगार सेवा केन्द्रमा सूचिकृत भएका ब्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ ।

७२ख. <u>अन्य प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा नपर्नेः</u> यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति माथि अन्य प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा पु-याएको मानिने छैन ।"

४०. <u>मूल ऐनको दफा ७४ मा संशोधनः</u> मूल ऐनको दफा ७४ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २ को खण्ड (ख) को उपखण्ड (१) वा (४) मा उल्लिखित सार्वजनिक निकाय बाहेक अन्य सार्वजनिक निकायले यो ऐन र यस ऐन अन्तर्गत नेपाल सरकारले बनाएको नियमको अधीनमा रही आवश्यक नियम बनाउन सक्नेछ ।"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) प्रदेश सरकार वा स्थानीय तहले यस ऐन बमोजिम नेपाल सरकार, नेपाल सरकारका मन्त्रालय वा कुनै निकायबाट हुने कुनै काम वा निर्णय गर्न यस ऐनमा कुनै निकाय वा पदाधिकारी तोकिएकोमा प्रदेश सरकार वा स्थानीय तहबाट त्यस्तो काम वा निर्णय गर्नको लागि सम्बन्धित तहको निकाय वा पदाधिकारी तोक्ने समेतका विषयमा यो ऐन र यस ऐन अन्तर्गत नेपाल सरकारले बनाएको नियमको अधीनमा रही आवश्यक नियम बनाउन सक्नेछ ।"